सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

Head Office: Kupondole, Lalitpur
Tel: 01-5970005
Email: info@centralfinance.com.np
Web: www.centralfinance.com.np

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)

च.नं.: ९४९/२०८०/८१

मितिः २०८०/११/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : २७औं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/११/३० गते अपरान्ह ३.०० बजे बसेको ३३६औं बैठकले यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को २७औं वार्षिक साधारण सभा मिति २०८०/१२/२३ गते शुक्रबारका दिन गर्ने र उक्त साधारण सभा गर्ने प्रयोजनका लागि मिति २०८०/१२/०९ गते संस्थाको शेयर नामसारी, दाखिला खारेज (Book Close) बन्द गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदीय,

(गोबिन्द प्रसाई)
कम्पनी सचिव

**बोधार्थः**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
४. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
६. श्री एनएमबि क्यापिटल लिमिटेड, शेयर रजिष्ट्रार, नागपोखरी, काठमाडौं ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

Head Office: Kupondole, Lalitpur
Tel: 01-5970005
Email: info@centralfinance.com.np
Web: www.centralfinance.com.np

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)

# सेन्ट्रल फाईनान्स लिमिटेडको
# २७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०८० साल फाल्गुन ३० गते बसेको सञ्चालक समितिको ३३६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, समय र स्थान :
मिति : २०८० साल चैत्र २३ गते शुक्रबार ।
समय : बिहान १०.०० बजे ।
स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड., केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असार मसान्तको वासलात तथा मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(ख) विशेष प्रस्ताव

१. संस्थाको नियमावलीको नियम १९(४) मा संशोधन गर्नेबारे ।
२. संस्थाको नियमावलीको प्रस्तावित संशोधनमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्नेबारे ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

# सेन्ट्रल फाईनान्स लिमिटेड
# CENTRAL FINANCE LIMITED
*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur
Tel: 01-5970005
Email: info@centralfinance.com.np
Web: www.centralfinance.com.np


**(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)**

साधारण सभा सम्बन्धी जानकारी

१. यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८०/१२/०९ गते बन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनु भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोवार भई नियमानुसार नामसारी, दाखिला खारेज भई आएका शेयर धनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन, मतदान गर्न सक्ने छन् ।

२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ ।

३. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।

४. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

५. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

६. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
केन्द्रीय कार्यालय: कानदेवस्थान, कुपण्डोल, ललितपुर
फोन नं. ०१-५९७०००५